# प्रभु येशू ख्रीष्ट को हुनुहुन्छ ?

# दोस्रो भाग (पाठ ६ -८)

# पाठ ६

### ❖ प्रभु येशू जीवनको रोटी हुनुहुन्छ - यूहन्ना ६:१-५१

गाँस, बास र कपासको लागि मानिसले कति परिश्रम गर्छ । आजभोलि आधुनिक प्रकारले खेतीपाती गरी नयाँ किसिमका बीउ लगाई धेरै मात्रामा अन्नको उब्जनी हुन्छ । कोही भोकले मर्न नपरोस् भन्ने विचार लिई संसारमा यस्तै धेरै उन्नति भइरहेका छन् । यसको लागि हामी धन्यबादी छौं । तर यहाँ यस पाठमा हामी अर्को एउटा एकदम ठूलो खाँचोको विषयमा पढ्न पाउँछौं । यसको आवश्यकता हामीलाई दैनिक भोजनभन्दा पनि ज्यादा पर्छ । यो आवश्यकता के हो ? प्रभु येशूले यो कुरा हामीलाई यसो भन्दै बताउनुहुन्छ - ***नष्ट भइजाने भोजनको निम्ति होइन, तर अनन्त जीवनमा रहिरहने भोजनको निम्ति परिश्रम गर; त्योचाहिँ म तिमीहरूलाई दिनेछु ।***

## क) प्रभु येशूले पाँच हजार मानिसहरूलाई खुवाउनुभयो - यूहन्ना ६:१-१३

प्रभु येशूकोपछि ठूला-ठूला भीड़ लाग्थे । मानिसहरूले उहाँलाई छोड्न चाहेनन्; किनभने तिनीहरूको बीचमा जो बिरामी थिए, उनीहरू निको भए । प्रभुले तिनीहरूलाई मायाले हेर्नुभयो र तिनीहरूको आवश्यकता जानेर तिनीहरूलाई तृप्त पनि पार्नुभयो । कोही पनि भोकै बस्नु परेन । कति खानेकुर उब्रचो पनि । अनि के प्रभु येशूले हाम्रो सबै खाँचो पूरा गर्न सक्नुहुन्न र ?

१) हामीलाई खानेकुराको खाँचो छ भनी जान्ने हाम्रो सृष्टिकर्ता परमेश्वर हुनुहुन्छ । उहाँले हामीलाई सृजनुभयो र हाम्रो खाँचो पूर्ति गर्ने अन्न पनि उमार्नुभयो । खाँचो चाहे ठूलो चाहे सानो किन नहोस्, उहाँले अघि नै यसको प्रवन्ध गरिसक्नुभएको छ । के तपाईंले आफ्नो दैनिक खाँचोको लागि प्रभु येशूमाथि भरोसा गर्न सिक्न चाहनुहुन्छ ? के प्रभु तपाईंको सहायता गर्ने मौका दिन चाहनुहुन्छ ?

**क) गालीलको समुद्रको पारिसम्म किन एउटा ठूलो भीड़ प्रभुको पछि लागे ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**ख) प्रभु येशूले फिलिपलाई के प्रश्न सोध्नुभयो ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**ग) प्रभुले किन फिलिपलाई यो प्रश्न सोध्नुभयो ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**घ) उहाँलाई के थाह थियो ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**ङ) प्रभुको प्रश्नको जवाफमा फिलिपले के भने ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

२) प्रभुका चेलाहरूले कुनै उपायले एउटा केटासित खानेकुरा त पाए, तर यति थोरैले के कम दिन्छ भन्ने अविश्वासमा परे । यो थोरै खानेकुरालाई लिई प्रभुले धन्यबाद चढ़ाउनुभयो । के हामी पनि यस्तै गर्छौं कि गनगन गर्छौं ? धन्यबादी बन्ने पाठ हामीले पहिले सिक्नुपर्छ । प्रभुले खोकुर अरुलाई बाँड्नुभयो, अनि के हामी सबै आफू खाँऔं ? यहाँबाट पनि सिकौं ।

**क) त्यस केटासँग के कति खानेकुरा थियो ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**ख) प्रभु येशूले भीड़लाई के आज्ञा दिनुभयो ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**ग) त्यहाँ कति मानिसहरू थिए ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**घ) रोटी माछा लिएर प्रभुले के गर्नुभयो ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**अ)**
**आ)**

**ङ) सबैले खाइसकेपछि प्रभुले आफ्ना चेलाहरूलाई के अह्राउनुभयो ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**च) उब्रेका टुक्राहरूले कति डाला भरिए ?** (आफ्नो जवाफ तल टाइप गर्नुहोला)

## ख) मानिसहरूको जोस - यूहन्ना ६:१४-२७

यति थोरै रोटीबाट प्रभुले आश्चर्यको काम देखाउनुभएको हुनाले मानिसहरूले आफ्नो राजा बनाउन खोजे । तर यसमा प्रभु खुशी हुनुन्नथ्यो, किनभने उहाँ हाम्रो शारीरिक खाँचो मात्र पूरा गर्न आउनुभएन । उहाँ हामीलाई स्वर्गबाटको भोजन दिन चाहनुहुन्छ; उहाँ हमीलाई जीवन दिनुहुन्छ । प्रभु येशूलाई जीवनको राटीको रुपमा ग्रहण गर्नेले अनन्त जीवन पाउँछ । के यो जीवनको रोटी पाउनलाई तपाईं परिश्रम गर्नुहुन्छ ?

१) प्रभु येशू जीवनको रोटी हुनलाई यस संसारमा आउनुभयो । यसको मतलब यो हो कि हामीले जीवन पाऔं भनेर प्रभुले हाम्रो लागि आफ्नो प्राण दिनुभयो । जसरी हामीले राटी खाएर बल पाउँछौं, त्यसरी नै हामीले येशूलाई ग्रहण गर्नुपर्छ; नत्र ता उहाँबाट हामीलाई कुनै लाभ हुँदैन ।

**क) मानिसरूले येशूको विषयमा के भने ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**ख) जब तिनीहरूले येशूलाई राजा तुल्याउन खोजे, तब उहाँले के गर्नुभयो ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

२) प्रभुका चेलाहरूका निम्ति सिक्नुपर्ने अर्को पाठ छ । जब प्रभुले हाम्रो अवश्यकता पूर गर्नुहुन्छ, तब उहाँको पछि लाग्नु सजिलो छ । तर जब हामी आफ्नो समस्यामा एक्लै छोडेका हुन्छौं, तब हाम्रो विश्वास कस्तो छ ? के हामी बलियो गरी प्रभुमा भरोसा गर्छौं या हामी परिस्थिति हेरेर हरेश खान्छौं ।

**क) साँझ पर्दा चेलाहरूले के गरे ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**ख) कुन कुन कठिन परिस्थिति तिनीहरूले सामना गरे ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

# प्रभु येशू ख्रीष्ट को हुनुहुन्छ ?

**अ)**
**आ)**
**इ)**
**ग) चेलाहरू किन डराए ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**घ) प्रभुले तिनीहरूलाई कुन वचन भन्नुभयो ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**ङ) तिनीहरूले प्रभुलाई डुङ्गामा ग्रहण गरेपछि के भयो ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**३)** शारीरिक लाभ उठाउनको निम्ति मानिसहरूले प्रभुलाई फेरि पनि खोजे । तर उहाँले तिनीहरूको ध्यान नाश नशु कुरातिर खिँच्न चाहनुभयो । यो अमूल्य दान तिनीहरूले पाऊन् भन्ने इच्छा राखेर उहाँले तिनीहरूलाई शिक्षा दिन थाल्नुभयो । के यस्तो कुरामा आफ्नो ध्यान लगाउन तपाईं पनि तयार हुनुहन्छ ?
**क) प्रभुलाई खोज्दा तिनीहरूले उहाँलाई कहाँ भेट्टाए ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**ख) तिनीहरूले येशूलाई किन खोजे ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**ग) तिनीहरूले खास कुन कुराको निम्ति परिश्रम गर्नुपर्थ्यो ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**घ) नाश नहुने भोजन कसले दिन सक्नुहुन्छ ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**ङ) कसले प्रभु येशूलाई यो अधिकार दिनुभयो ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

## ग) जीवन दिने स्वर्गको रोटीको बारे उठेका प्रश्नहरू र जवाफ - यूहन्ना ६:२८-५९

परमेश्वरको दास मोशाले इस्राएलीहरूलाई मिस्र देशको थिचोमिचोबाट छुटाएर ल्याउने बेलामा उनले तिनीहरूलाई उजाड़ भूमि भएर डोरचाएर लगे । त्यस समयमा परमेश्वर आफूले तिनीहरूलाई चालीस वर्षसम्म स्वर्गबाट अचम्म प्रकारले खुवाउनुभयो । यस्तो किसिमको आश्चर्यक काम अहिले पनि गरून् भनी ती मानिसहरूले चाहे । प्रभु येशूले तिनीहरूलाई के जवाफ दिनुभयो ? के उहाँले तिनीहरूको चहना पूरा गर्नुभयो ? के तपाई तिनीहरूजस्तो हुनुहुन्छ र अचम्मको काम देखेर मात्र विश्वास गर्न तयार हुनुहुन्छ ? प्रभु येशू स्वर्गबाट आउनुभयो; उहाँ साँचो जीवन दिने रोटी हुनुहुन्छ । प्रभु येशूकहाँ आउनुहोस् र उहाँमाथि विश्वास गर्नुहोस्; यसो गर्दा हे मित्र, तपाईं साँचो जीवन पाएर तृप्त हुनुहुनेछ ।

**१)** अनन्त जीवन पाउनको लागि हामीले गर्नुपर्ने कामहरू धेरै छन् । हामीले प्रु येशूमाथि विश्वास गर्नुपर्छ । यतिमा परमेश्वर खुशी हुनुहुन्छ । अरु काम उहाँले हामीलाई दिनुभएको छैन ।

# प्रभु येशू ख्रीष्ट को हुनुहुन्छ ?

**क) परमेश्वरका काम जो हामीले गर्नुपर्छ, ती के हुन् ? भनी मानिसहरूले सोध्दा प्रभुले के जवाफ दिनुभयो ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

२) हामीलाई मन्ना होइन, तर हामीलाई जीवन दिने साँचो रोटी चाहिएको छ । त्यो रोटी स्वर्गबाट परमेश्वरको तर्फबाट आएको हुनुपर्छ । के तपाईंले पनि यो रोटीको चाहना गर्नुहुन्छ ? त्यो रोटी प्रभु येशू आफै हुनुहुन्छ । विश्वाससाथ उहाँकहाँ आउनुहोस् र जीवन दानपाउनुहोस् ।

**क) मन्नाभन्दा अझ बहुमूल्य के कुरा परमेश्वरले हामीलाई दिनुहुन्छ ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**ख) स्वर्गबाछ आएको रोटीले संसारलाई के दिन्छ ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**ग) मानिसहरूले के चाहे ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

३) प्रभु येशूले हाम्रे निम्ति आफ्नो जीवन रोटीको रुपमा दिनुहुन्छ । यसको अर्थ यही हो कि प्रभु येशूकहाँ आउने र उहाँमाथि विश्वास गर्नेले अनन्त जीवन पाउँछ । तपाईं पनि उहाँकहाँ आउनुहोस् ।

**क) अ) प्रभुकहाँ आउनेलाई बस्तो प्रतिज्ञा दिइएको छ ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**आ) येशूमाथि विश्वास गर्नेलाई नि ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**ख) यस्ते प्रतिज्ञा भए पनि दु:खको कुरा के हो ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**ग)** हामी पापी छौं, यसैले हामीमा अनन्त जीवन छैन । जीवन पाउ हामी येशूकहाँ आउनुपर्छ ।
**के उहाँले हामीलाई ग्रहण गर्नुहुन्छ ?** (पद ३७ बाट जवाफ दिनुहोस्)

**घ) परमेश्वर पिताको इच्छा के हो ? प्रभु येशूले के गरून् ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**अ)**
**आ)**

४) प्रभु येशू स्वर्गबाट आउनुभएको कुरामा धेरैले ठेस खाए, किनभने तिनीहरूले येशूलाई शारीरिक दृष्टिले मात्र चिनेका थिए । तिनीहरूलाई प्रभुले एक अचम्मको जवाफ दिनुभयो । तपाईं नि येशूमा ठेस नखानुहोस् । हामी तपाईंलाई यो

# प्रभु येशू ख्रीष्ट को हुनुहुन्छ ?

सल्लाह दिन्छौं - शरीर अनुसार न्याय नगर्नुहोला; यसमा तपाईंलाई केही लाभ हुँदैन । तर अझ परमेश्वरको कुरा बुझ्ने र सिक्ने प्रयास गर्नुहोस् ।

**क) गनगन गर्नेहरूलाई प्रभुले के जवाफ दिनुभयो ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**ख) अगमवक्ताहरूको पुस्तकमा के लेखिएको छ ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**ग) यसैले को प्रभुकहाँ आउँछ त ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**५)** निचोरमा हामी आइपुग्यौं - ४७ पदमा प्रभुले त्यही हामीलाई भन्नुहुन्छ । यी कुरा बुझ्न अति महत्वपूर्ण छ ।

**क) यसकारण तपाईं यो पूरा पद तल खाली ठाउँमा लेख्नुहोस् ।** (आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**ख) मन्ना खानेहरूलाई के भयो ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**ग) जीवनको रोटी खानेलाई के हुन्छ ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**घ) त्यो रोटी, जुनचाहिँ प्रभुले दिनुहुन्छ, यो के हो ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

६) अब तिनीहरूलाई कुरा बुझ्न गाह्रो भयो । तर यदि हामी यो भनाइ आत्मिक दृष्टिले हेर्ने हो भने तब यसमा अफ्ठचारो कुरा छैन । के उहाँले आफ्नो शरीर हामीलाई खान दिनुहुन्छ ? प्रभु येशू काठको क्रूसमा हाम्रा निम्ति बलि हुनुभयो भन्नेमा यस भनाइको अर्थ पूर हुन्छ । त्यही क्रूसमा प्रभु येशू मेरा निम्ति मर्नुभयो; उहाँको मृत्युद्वारा नै परमेश्वरले मलाई अनन्त जीवन दिन चाहनुहुन्छ र यो जीवन प्रभु येशूमाथि विश्वास गरेकोमा म पाउँछु भन्ने कुरमा स्पष्ट हुन्छ । उहाँको शरीर खानु र उहाँको रगत पिउनुको अर्थ यो हो - जसरी रोटी र पानी मुखबाट पेटमा पस्छ, त्यसरी नै सम्पूर्ण हृदयले विश्वास गरी प्रु येशूलाई आफ्नो जीवन दिने मुक्तिदाताको रुपमा अपाउनुपर्छ । जीवनदान पाउने उपाय यही हो ।

**क) प्रभुको शरीर नखाने मानिसमा के हुँदैन ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**ख) प्रभुको शरीर खानेसँग के हुन्छ ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**ग) ऊ कसको सँगतमा रहन्छ ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

# प्रभु येशू ख्रीष्ट को हुनुहुन्छ ?

**घ) ऊ कोद्वारा जिउँछ ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**ङ) ऊ कहिलेसम्म जिउँछ ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**प्रार्थना :** *हे प्रभु येशू, तपाईं मलाई जीवनदान दिन यस संसारमा अउनुभयो । क्रूसमा तपाईं मेरा निम्ति मर्नुभयो; त्यस मृत्युद्वारा तपाईंले मलाई जीवनदान दिनुहुन्छ भनी म विश्वाससहित ग्रहण गर्छु । धन्यबाद !*

**प्रिय मित्र,**

**यो पाना तपाईंको निम्ति हो; यसम हमी तपाईंलाई अफ्नो विश्वासको गवाही लेख्ने मौका दिन्छौं । अथवा यसमा बाइबल शिक्षाक्रमका पाठहरूको सम्बन्धमा तपाईंले केही अरु प्रश्नहरू सोध्न चाहनुहुन्छ भने यहाँ लेख्नुहोला । तर परमेश्वरको डर राखेर सत्य कुरा मात्र इमान्दारीसाथ लेख्नुहोस् । कुनै फाल्तु कुरा नलेख्नुहोला । धन्यबाद !**

# प्रभु येशू ख्रीष्ट को हुनुहुन्छ ?

# पाठ ७ -पहिलो भाग

## ❖ येशू ख्रीष्ट : संसारको ज्योति -यूहन्ना ८:१-५९

आकाशमा एकमात्र सूर्य देखिन्छ, जसले रातको अन्धकार हटाईकन सारा पृथ्वीलाई उज्यालो दिन्छ, जसको न्यानोपनको कारणले गर्दा हामीले जियन पाएका छौं । प्रभु येशू पनि ठीक त्यस्तै हुनुहुन्छ । जहाँ प्रभु येशू आउनुहुन्छ, त्यहाँ सूर्यले झैं उहाँले पापको अन्धकार हटाएर परमेश्वरको ज्ञान फैलाउनुहुन्छ । प्रभु येशूमा यी दुई मुख्य प्रकट हुन्छन् - परमेश्वरको न्यानोपन र सत्यताको उज्यालोपन । यी दुई आशिष्विना कुनै मानिसको आत्मा बाँच्न सक्दैन । प्रभु येशूको विषयमा मात्र हामी यस्ता कुरा पढ्छौं । परमेश्वरको दास मोशाबाट हामीले परमेश्वरको धर्मनियमहरू पायौं, तर प्रभु येशू ख्रीष्टबाट चाहिँ परमेश्वरको निगाह र सत्यता पायौं । उहाँले मात्र 'संसारको ज्योति म नै हुँ' भन्दै दाबी गर्नुहुन्छ । अब हेरौं, प्रभु येशूले आफ्नो गुण कसरी प्रकट गर्न चाहनुभयो ।

### क) व्यभिचरमा पक्रिएकी एक पापी स्त्री - यूहन्ना ८:१-११

प्रभु येशू संसारका मानिसहरूलाई दोष्याउनको लागि हेइन, तर मानिसहरूले पापदेखि मन फिराएर पश्चात्ताप गरून् भनी बोलाउनको लागि आउनुभएको हो भन्ने कुरा स्पष्ट हुन्छ; यसैले हामीले उहाँलाई यही घटनामा बढी ध्यान दिनुपर्दछ ।

१. **प्रभु येशू मन्दिरमा आउनुभएपछि के के भयो ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**क)**

**ख)**

२. **शास्त्री र फरिसीहरूले कसलाई येशूकहाँ ल्याए ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

३. **त्यस स्त्रीबारे तिीहरूले येशूलाई के के भने ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**क)**

**ख)**

**ग)**

४. **यसो भन्ने उनीहरूको के उद्देश्य थियो ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

यहाँ हामी देख्छौं - धर्म जान्ने विद्वानहरू अरुलाई दोष्याउन कति छिटो छन् । तिनीहरूले धर्मको नियम खूब जान्दछन् । के अरुलाई सिकाउनेले आफूलाई सिकाउनु पर्दैन र ? प्रभुले यिनीहरूलाई जवाफ दिन किन ढिलो गर्नुभयो होला ? किन औंलाले भुइँमा लेख्दै रहनुभयो ? के धर्मशास्त्रीको यो खण्ड तिनीहरूलाई यादमा आउन दिनलाई होइन र ? तिनीहरूको बारेमा यर्मिया अगमवक्ताले यसो भन्दछन् :

# प्रभु येशू ख्रीष्ट को हुनुहुन्छ ?

'हे परमप्रभु, इस्राएलको आशा त्याग्नेहरू सबै लाजमा पारिनेछन् । तपाईंदेखि तर्की जानेहरू सकैका नाम माटोमा लेखिनेछन्, किनभने तिनीहरूले परमप्रभुलाई अर्थात् जिउँदो पानी दिने मूललाई त्यागेका छन् ।'

५. **जब तिनीहरू उहाँलाई सोध्दै रहे, तब तिनीहरूलाई के जवाफ दिनुभयो ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

६. **अब तिनीहरूमा के भयो ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

७. **कसले तिनीहरूलाई दोषी ठहरायो ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

८. **दोष लाउने गइहालेपछि प्रभु एकलै भई त्यही स्त्रीलाई के प्रश्न सोध्नुभयो ?**

९. **त्यो स्त्रीले के जवाफ दिई ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

१०. **अन्तमा प्रभुले त्यस स्त्रीलाई केकस्तो वचन दिनुभयो ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)
**क)**
**ख)**

प्रभु येशू हामीलाई दोषी ठहराउने होइन, तर पाप छोड्न लाउने दयालु र साँचो मुक्तिदाता हुनुहुँदो रहेछ । यदि हामी कुनै पापमा फस्यौं र त्यो पाप प्रभुको सामु मानिलिन्छौं भने प्रभु येशूले दोष लगाउनको सट्टामा हाम्रो पाप क्षमा गरेर हामीलाई यही वचन भन्नुहुन्छ - **'जाऊ, अब फेरि पाप नगर !'**

## ख) प्रभु येशू संसारको ज्योति - यूहन्ना ८:१२-२०

प्रभु येशू आफै परमेश्वरको पुत्र हुनुभएकाले आफ्नो विषयमा 'संसारको ज्योति म नै हुँ' भन्दै गवाही दिन सक्नुभयो, रउहाँको गवाही सत्य छ । उहाँ हामीलाई उहँको पछि लाग्न भनी बोलाउँदै हुनुहन्छ । अब प्रश्न छ, के फरिसीहरूले झैं तपाई पनि उहाँमा ठेस खानुहुन्छ ? सुन्नुहोस्, उहाँले आफ्नो विषयमा के भन्नुभएको छ ।

१. **क) १२ पद अनुसार प्रभु येशूको पछि लाग्ने मनिसले के गर्नुपर्दैन ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**ख) उसले के पाउँछ ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

२. **क) यस गवाहीको विरुद्ध कसले गरे ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**ख) येशूमा तिनीहरूले के दोष लगाए ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

# प्रभु येशू ख्रीष्ट को हुनुहुन्छ ?

३. फरिसीहरू कठोर यहूदीधर्म मान्ने पन्थका थिए । हामी धर्मी छौं र सबै ज्ञा जान्दछौं भन्ने विचार गर्नेहरू थिए । **तिनीहरूलाई प्रभुले कडा जवाफ दिनुभयो ?**
(खाली ठाउँ भरी वाक्य पूर गर्नुहोस्)
**“तर ........................................................................र...................................................त्यो तिमीहरू जान्दैनौं ।”**
**“तिमीहरू .......................................................................................................................इन्साफ गर्दछौ ।”**

४. **म एकलै छैनँ भन्दै प्रभुले आफूसँग को भएको दाबी गर्नुभयो ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

५. **यस सम्बन्धमा धर्मको व्यवस्थाले के भन्दछ ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

६. **अब कुन कारणले प्रभुको गवाही सत्य ठहरिन्छ ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

७. **प्रभु येशूको बारेमा अन्जानमा रहेर तिनीहरूले के जानेका थिएनन् ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

के हामी पनि जान्ने हौं ? के हामीले पनि येशस्मा दोष पाउँछौं ? के हामी उहाँलाई खाली बाहिरी हिसाबले विचार गर्छौं र उहाँलाई वास्तविक रुपले चिन्दैनौं ? होशियारी हुनुहोस् ! जीवनको ज्योति उहाँ नै हुनुहुन्छ । जसले उहाँलाई चिन्छ, ऊसले साँचो परमेश्वरलाई चिनेको छ । उहाँको विरोध गर्ने अझ अन्धकारमै छन् । उनीहरूले अझै परमेश्वरलाई चिनेका छैनन् । धन्य हो तयो मानिस, जसले येशूमा आफ्नो सृष्टिकर्ता परमेश्वरलाई चिन्छ र उहाँको पछि लाग्छ; किनभे त्यसले अनन्त जीवन पाउँछ ।

## ग) प्रभु येशू को हुनुहुन्छ ? यूहन्ना ८:२१-३०

प्रभु येशूलाई चिन्नु एकदम महत्वपूर्ण कुरा हो । जसले उहाँलाई व्यक्तिगत श्रपले चिन्दैनन्, तिनीहरू आफ्ना पापमा मर्नेछन् । के हमीले येशूलाई चिन्यौं ? उहाँ स्वर्गका प्रभु हुनुहुन्छ ।

१. **२१ पदमा प्रभु येशूले चारवटा कुरा भन्नुहुन्छ । ती के के हुन् ?**
**क)**
**ख)**
**ग)**
**घ)**

२. यस कुराले मानिसहरूलाई अलमल पारचो । किनभने तिनीहरूले अझै प्रभु येशूलाई चिनेका थिएनन् । प्रभुले यसका खास कारण भन्नुभयो - पद २३ हेर्नुहोस् ।
**क)**
**ख)**

३. **किन मानिसहरू आफ्ना पापमा मर्नेछन् ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

४. **२५ पदमा मानिसहरूले एउटा प्रश्न सोधे, यो के थियो ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

# प्रभु येशू ख्रीष्ट को हुनुहुन्छ ?

यस पाठचक्रम अध्ययन गर्दा के तपाईंले पनि यो महत्वपूर्ण प्रश्न सोध्दै आउनुभयो ? यसको प्रश्नमा तपाईंले के जवाफ पाउनुभयो ? प्रभु येशू मात्र हुनुहुन्छ, जसले हामीलाई हाम्रा पापबाट बचाउन सक्नुहुन्छ । यदि हामी उहाँम विश्वास राख्दैन भने हामी आफ्नै पापमा मर्नैपर्छ भनी बुझ्नुभयो ?

५. **मानिसका पुत्रलाई उचालेपछि अर्थात् टाँगेपछि तिनीहरू के के कुरा था पाउनेछन् ?**

**क)**

**ख)**

**ग)**

जब प्रभु येशू हाम्रा पापका लागि उचालिएर अर्थाते काठको क्रूसमा टाँगिएर मर्नुभयो, तब यो वचन पूरा भयो । त्यो समयदेखि क्रूसको प्रचार सारा संसारमा प्रचार हुँदै आएको छ । धेरैले यही सुसमाचार सुनेर उहाँलाई आफ्ने व्यक्तिगत प्रभु र मुक्तिदातको रुपमा विश्वास गरे अनि मुक्ति पाए ।

६. **परमेश्वर पिताले प्रभु येशूलाई कुन कारणले छोड्नुभएन ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

७. **अब धेरैले उहाँमाथि विश्वास गरे, किन ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

अचम्मका कामहरू देखेर मानिसहरूले प्रभु येशूमाथि विश्वास गरे; उहाँका वचन सुनेर झन धेरैले विश्वास गरे, किनकि उहाँको वचन सत्य र शक्तिशाली थियो । के तपाईंको हृदयमा पनि परमेश्वरको जीवित वचनको लागि कुनै ठाउँ छ ?

## घ) छुटकारा पाउनको लागि सत्य जान्नुपर्छ - यूहन्ना ८:३१-३७

धेरै मानिसहरूले उहाँमाथि विश्वास गरे । अब उनीहरूलाई प्रभुले शिक्षा दिनुहुन्छ । सत्य जान्नुपर्छ र सत्यताले मात्र पापको बन्धनबाट छुटकारा दिन्छ । यसकारण प्रभुको वचन आफ्नो पनि सुन्नुहोला ।

१. **प्रभुको साँचो चेला को हो ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

२. **येशूको वचनमा लाग्नेलाई के के लाभ हुन्छ ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**क)**

**ख)**

३. **हामी कसैका दास भएका छैनौं भन्नेहरूलाई प्रभुले के जवाफ दिनुभयो ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

४. **कसले हामीलाई पापदेखि स्वतन्त्र पार्न सक्नुहुन्छ ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

५. **येशू परमेश्वरको पुत्रले हामीलाई छुटकारा दिनुभयो भने हामी के हुन्छौं ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

# प्रभु येशू खीष्ट को हुनुहुन्छ ?

६. **तीमानिसहरूले येशूलाई किन मार्न चाहे ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

कुरा स्पष्ट भयो - कि त हामी येशूको पछि लागेर सत्त्तको ज्ञानमा आउँछौ र पापके दास हुनदेखि छुटकारा पाउँछौ, कि त हामी पापकै अन्धकारमा रहेर प्रभु येशूको विरोध गर्छौं । प्रश्न छ, तपाई के गर्नुहुन्छ ?

## ङ) परमेश्वरको सन्तान कि शैतानको सन्तान - यूहन्ना ८:३८-४७

आत्मिक रुपले दुईवटा सन्तान मात्र हुन्छन् - परमेश्वर र शैतानको । शैतान शुरुदेखि नै परमेश्वर र मानिसको शत्रु भयो । धेरै मानिसहरू त्यसको आत्मिक सन्तान हुन्छन् र त्यो कुरा आफ्ना कामद्वारा प्रकट गर्छन् । जसरी ज्योति र अन्धकारको बीचमा कुनै मेल हुन सक्दैन, त्यसरी नै परमेश्वरको सन्तान र शैतानको सन्तानको बीचमा पनि हुन सक्दैन । यी दुई एक अर्काको विरोधमा छन् ।

१. **प्रभु येशूले के भन्नुहुन्छ ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

२. **मानिसहरूले के गर्छन् ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

३. **तिनीहरू किन येशूलाई मार्न खोजे ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

४. **परमेश्वर हाम्रा बुबा हुनुभएदेखि हामीले के गर्नेथियौं ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

५. **येशूलाई माया गर्ने कारण के के छन् ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**क)**
**ख)**

६. **प्रभुका वचन सुन्न नसक्नेहरूको बुबा को हो ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

७. **शैताका गुणहरू के कस्ता छन् ?**

**क)**
**ख)**
**ख)**

८. **मानिसहरूले किन येशूलाइ विश्वास गर्दैनन ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

९. **के कसैले उहाँमा कुै दोष पायो ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

# प्रभु येशू ख्रीष्ट को हुनुहुन्छ ?

१० **प्रभुको वचन कसले सुन्छ ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

११ **कसले सुन्दैन ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

## च) परमेश्वरको आदर - यूहन्ना ८:४८-५१

शैतानले हामी मानिसलाई कति अन्धा पारचो, सो कुरा हामी अब बुझ्नेछौं । येशूले हमीलाई सत्य वचन भन्नुभएकोले के हामीले उहाँलाई घृणा गर्नु हुन्छ ? के हामीले उहाँलाई बरु आदर गर्नुपर्दैन र ?

१. **४८ पदमा येशूलाई के के दोष लगाइयो ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**क)**

**ख)**

२. **प्रभु येशूले कसको आदर गर्नुभयो ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

३. **मानिसहरूले के गरे ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

४. **५१ पदमा प्रभुको वचन पालन गर्नेलाई के प्रतिज्ञा दिएको छ ?**

(खाली ठाउँ भर्नुहोस्)

"साँचो, साँचो म तिमीहरूलाई भन्दछु, कसैले मेरो वचन पालन गर्छ भने ......................................................................................................................................"

५. **प्रभुले आफैलाई कोभन्दा ठूलो तुल्याउनुभयो ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

६. **अब्राहम हुनुभन्दा अघि को हुनुहुन्थ्यो ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

७. **यो सुनेर मानिसहरूको प्रतिकृया के थियो ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

हो, प्रभु येशू मानिसभन्दा ठूलो, सबै अगमवक्ताहरू भन्दा ठूलो हुनुहन्छ । उहाँ स्वयम् हाम्रा सृष्टिकर्ता परमेश्वर हुनुहुन्छ । हामी उहाँलाई परमेश्वरलाई झैं आदर गरी येशूको वचन पालन गर्न सक्छौं वा उहाँलाई घृणा गरेर मार्न सक्छौं । केही समयपछि यहूदीहरूले आफ्ना सृष्टिकर्ता अर्थात् संसारलाई ज्योति दिने प्रभु येशूलाई मारे । अब प्रश्न छ, तपाईं के गर्नुहुन्छ ?

## ध्यान :

**प्रभु येशूले भन्नुभयो -**

**"दिन हुँदा मैलो मलाई पठाउनुहुनेका काम गर्नुपर्छ; रात आउँछ, तब कसैले काम गर्न सक्दैन । जबसम्म संसारका छु, तबसम्म म संसारको ज्योति हुँ ।"**

# प्रभु येशू ख्रीष्ट को हुनुहुन्छ ?

**"अझ केही समयसम्म ज्योति तिमीहरूसँग रहन्छ । तिमीहरूसँग ज्योति रहुन्जेल हिँड, नत्र ता अन्धकारले तिमीहरूलाई छोप्ला; किनकि अन्धकारमा हिँड्नेले, ऊ कहाँ जान्छ, सो थाह पाउँदैन । तिमीहरू ज्योति हुँदा नै ज्योतिमाथि विश्वास गर, र तिमीहरू ज्योतिका सन्तान हुनेछौ ।**

**"अनि आरोप यो हो - ज्योति संसारमा आएको छ, तर मानिसहरूले ज्योतिलाई भन्दा अन्धकारलाई प्रेम गरे; किनभने तिनीहरूका काम दुष्ट थिए । किनकि दुष्ट काम गर्ने प्रत्येकले ज्योतिलाई घृणा गर्छ र त्यसका कामको दोष प्रकट नहोस् भनी ज्योकिहाँ आउँदैन । तर जसले सत्य काम गर्छ, ऊचाहिँ, आफ्ना काम परमेश्वरमा गरिएका हुन् भन्ने कुरा देखा परोस् भनी ज्योतिकहाँ आउँछ ।"**

**प्रार्थना :**

***हे सत्य र प्रेमी येशू, पाप र अविश्वासको अन्धकार छोडेर म तपाईंकहाँ आउँछु, मलाई ग्रहण गर्नुहोस् । तपाईंको पछि लागेर म तपाईंको चेला बन्न चाहन्छु । किनभने म सत्यता जान्न र पापदेखि पूरा तवरले स्वतन्त्र हुन चाहन्छु । धन्यबाद !***

## पाठ ७ - दोश्रो भाग

### ❖ प्रभु येशू संसारको ज्योति हुनुहुन्छ - यूहन्ना ९:१-४१

ज्योतिले अन्धकार हटाउँछ; सत्यको ज्ञानले पाप र अविश्वासको अन्धोपन हटाउँछ । हामी मानिसहरू परमेश्वरको विरोधमा वागी भएर पापको अन्धकारमा बसेका छौं । आत्मिक ज्ञान नभएकाले हामी अन्धा छौं । प्रभु येशू यस संसारमा आउनुभयो; उहाँ यस संसारको ज्योति हुनुहनुन्छ । उहाँले नै न्धकार हटाईकन हामीलाई परमेश्वरको महिमाको ज्ञान दिनुहुन्छ । हामी ज्योतिमा आउँछौं र प्रकाशमा हिँड्छौं भने हामी उक उज्वल जीवन पाउँछौं । प्रभु येशूले भन्नुभयो -

***ज्योति तिमीरूसँग छँदैमा ज्योतिमाथि विश्वास गर, र ज्योतिका सन्तान हुनेछौ ।***

### क) जन्मकै अन्धा निको पारियो -यूहन्ना ९:१-७

एक जन्मकै अन्ध मानिसबाट प्रभु येशूले अद्‌भुत रीतिले परमेश्वरको काम प्रकट गर्नुभयो । मानिसले कहिल्यै नदेखेका अचम्मका कामहरू प्रभुले गर्नुभयो; के यसद्वारा हाम्रा पनि आँखा खोल्नुपर्ने थिएन र ?

१. **क) जाँदै गर्नुहुँदा प्रभु येशूले कसलाई देख्नुभयो ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**ख) उहाँका चेलाहरूले के प्रश्न सोधे ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**ग) कुन हेतुले यो मानिस यस्तो दशामा थियो ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**घ) रातको अवस्थामा कुन कुरा असम्भव हुन्छ ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**ङ) प्रभु येशू संसारमा रहुन्जेल उहाँ हामी सबैका निम्ति के हुनुहुन्थ्यो ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

# प्रभु येशू ख्रीष्ट को हुनुहुन्छ ?

२. शुरुमा परमेश्वरले भुइँको माटोबाट मानिसलाई सृष्टि गर्नुभयो । प्रभु येशूले पनि यही प्रकारले यो अन्धा मानिसका आँखामा माटोको हिलो लगााउनुभयो । के उहाँ हाम्रो सृष्टिकर्ता हुनुहुन्न र ? उहाँले त्यो अन्धालाई सिलोआम भनिने तलाउमा आँखा धुन पठाउनुभयो । यसो गर्दा यहूदीहरूले प्रभु येशू परमेश्वरबाट पठाइएको जन हुनुहुन्छ भन्ने कुरा बुझ्न सक्थे, किनकि सिलोआमको अर्थ पठाइएको हो । तर दुःखको कुरा यही हो - एकजना मात्र देख्ने भयो ।

**क) प्रभु येशूले अन्धा मानिसलाई कसरी निको पार्नुभयो ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**ख) त्यस अन्धालाई प्रभुले के आज्ञा दिनुभयो ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**ग) सिलोआमको अर्थ के हो ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**घ) प्रभुको आज्ञा मानेकोले त्यस अन्धोलाई के भयो ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

## ख) त्यो अन्धोको विषयमा मानिसहरूको प्रश्न - यूहन्ना ९: ८-१२

त्यो अन्धो पहिले बसेर भीख माग्ने गर्थ्यो । उसको जीवन कति दयनीय थियो , तर परमेश्वरको ठूलो कृपाले गर्दा ऊ देख्ने भयो । यमे उसको निम्ति एक नयाँ, अचम्मको अनुभव थियो , किनभने उसले कहिल्यै देखेको थिएन । आत्मिक दृष्टि पाउनु पनि यस्तो छक्क पार्ने अनुभव हो; अनुभव पाएको मानिसले मात्र ये कुरा जान्दछ र दृढ भएर भन्दछ - म अन्धो थिएँ, अब देख्ने भएँ ।

१. **क) त्यो अन्धालाई चिन्ने छिमेकीहरूमा कुन कुन प्रश्न उठे ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**अ)**
**आ)**
**इ)**

**ख) उसले आफ्नो विषयमा के भन्यो ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**ग) आफ्ना आँखा खोलिएको विषयमा उसले के गवाही दियो ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

## ग) त्यो अन्धाको विषयमा धर्मगुरुहरूका प्रश्न - यूहन्ना ९: १३-३४

यो अचम्मको काम पत्याउन मानिसहरूलाई गाह्रो भयो, किनभने यस्तो कहिल्यै भएको थिएन । धर्मगुरुहरूले यो कुरा पत्ता लगाउन चाहे, किनकि यो काम प्रभुले विश्रामदिनमा गर्नुभएकु थियो । तिनीहरूमा भन्दा अन्धा मानिसमा बढी ज्ञान थियो । तिनीहरूले जीवनभरी धर्मशास्त्र अध्ययन गरे तापनि प्रभु येशूलाई चिन्न सकेनन् । त्यो अन्धो अशिक्षित थियो; ऊ न मन्दिरमा न सभाघरमा पसको थियो । तर प्रभु येशूले उसको समझ खोल्नुभयो; अब ऊ देख्ने भयो । उसले येशूको गवाही दिएको र तिनीहरूलाई सिकाएकोमा ती धर्मगुरुहरू रिसाए र उसलाई बाहिर निकाले । के हामी पनि यस्तै छौं ? यो पापीले के भन्छ भन्दै रिसाउनु ? के हामी शिक्षा नलिनु ?

# प्रभु येशू खीष्ट को हुनुहुन्छ ?

१) धर्मगुरुहरूको सामु तर्क चल्यो । दुईटा कुरामा तिनीहरूले ठेस खाए । पहिलो यो मानिस अन्धा थियो भन्ने कुरा तिनीहरूले विश्वास गरेनन् । र दोश्रो, प्रभुले विश्रामदिन पालन नगर्नु भएको तिनीहरूलाई लाग्यो ।

**क) पहिले अन्धा भएको मानिस कसकहाँ लगियो ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**ख) फरिसी पन्थका धर्मगुरुहरूले उसलाई के सोधे ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**ग) उसले जवाफ के दियो ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**घ) फरिसीहरूको बीचमा फाटो भयो ।** (आफ्नो जवाफ तल टाइप गर्नुहोला)
**अ) कतिले के भने**

**आ) अरुले के भने ?**

**ङ) येशूको विषयमा अन्धालाई सोध्दा उसले के भन्यो ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

२. अन्धाका बुबाआमालाई बोलाएर यहूदीहरूले उसको विषयमा उनीहरूलाई पनि सोधे । तिनीहरूको अविश्वास मपत ठूलो रहेछ, हामी यसैबाट थाह गर्छौं । प्रभु येशूको विरोधमा कति मानिसहरू उठे र उहाँलाई झूटा साबित गर्न खोजे, तर कोही पनि सफल भएन ।

**क) कुन कारण यहूदीहरूले अन्धाका बुबाआमालाई बोलाए ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**ख) डरको कारणले कति कुरामा उनीहरूले 'हामी जान्दैनौं' भन्ने जवाफ दिए । यो के के थियो ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**ग) येशूलाई खीष्ट हुनुहुन्छ भन्ने स्वीकार गर्ने मानिसलाई यहूदीहरूले के गर्ने निर्णय गरेका थिए ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

३. हामी यो अन्धा मानिसजस्तै हामीलाई प्रश्न गर्नेहरूलाई सबै जवाफ दिन सक्दैनौं होला, तर उसले गरेझैं गवाही दिन सक्छौं -'म अन्धा थिएँ, तर अब देख्छु । पापको न्धकारम मैले जीव बिताएको थिएँ, तर अब मैले प्रभु येशूमा जीवनको ज्योति र मुक्ति पाएँ ।' यो गवाही कसले निभाउ सक्छ र ?
**क) फरिसीहरू आफू अन्धा थिए, तिनीहरूले प्रभु येशूलाई के ठाने ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

# प्रभु येशू ख्रीष्ट को हुनुहुन्छ ?

**ख) कुन कुराम त्यो अन्धा निश्चित थियो ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**ग) फरिसीहरूले घरिघरि अन्धालाई प्रश्न गरिरहेकोमा ऊ छक्क परचो । यसकारण उसले तिनीहरूलाई के प्रश्न गरचो ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**घ) यसको जवाफमा उसलाई हप्काएर तिनीहरूले के भने ?** (पद २८)(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

४. आफ्नो धर्मशास्त्रबाट पाएको ज्ञानद्वारा फरिसीहरूले प्रभु येशूलाई चिन्न सकेनन् । उहाँले गर्नुभएको अचम्मको काम तिनीहरूले इन्कार गरे । प्रभुको गवाही दिने मानिसलाई तिनीहरूले बाहिर निकाले । अब तिनीहरूले आफू त पूरा तवरले अन्धा हुन् भन्ने कुरा स्पष्ट गरे, होइन र ?

**क) प्रभु येशू परमेश्वरबाट हुनुभएको हो भन्ने कुरा के ले देखाउँछ ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**ख) अन्धाले येशूलाई स्वीकार गरचो; तब फरिसीहरूले उसलाई के कारवाही गरे ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

## घ) धर्मगुरुहरूको अन्धोपन - यूहन्ना ९:३५-४१

प्रभु येशूले यस जन्मकै अन्धालाई आँखा मात्र खोल्नुभएको थिएन, तर उसका भित्री आँखा पनि खोलिदिनुभयो । उसले येशूलाई प्रभु र मुक्तिदातको रुपमा चिन्यो र उहाँमाथि विश्वास गरचो । धर्मगुरुहरूले बाहिरी आँखाले त देखे, तर आत्कि दृष्टि पाएनन् । तिनीहरूको पापको अन्धकारमा रहे । तपाईं कुन अवस्थामा हुनुहन्छ ?

१. **क) पछि त्यस मानिसलाई भेटेर प्रभु येशूले उसलाई के सोध्नुभयो ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**ख) उसले के जवाफ दियो ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**ग) प्रभुले उसलाई के भन्नुभयो ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**घ) जब प्रभु येशूले आफूलाई त्यस मानिसकहाँ प्रकट गर्नुभयो ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**ङ) तब उसले के भन्यो ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**आ) तब उसले के गरयो ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

२. फरिसीहरूले प्रभु येशूलाई चिन्न चाहेनन् । तिनीहरूले आफ्ना आँखा बन्द गरेका थिए र आफ्ना कान बन्द गरेका थिए । यसकारण तिनीहरूको दोष ठूलो थियो ।

**क) प्रभु न्यायको निम्ति यस संसारमा आउनुभएको हो भन्ने वचन कसरी पूरा भयो ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**ख) तब फरिसीहरूले के प्रश्न गरे ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**ग) तिनीहरूको पापको सम्बन्धमा प्रभुले के भन्नुभयो ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**ध्यान :**

***अन्धकारबाट ज्योति चम्कने आज्ञा गर्नुहुने परमेश्वर नै हाम्रा हृदयमा चम्किनुभयो, यसो हुँदा प्रभु येशूमा उहाँले हामीलाई परमेश्वरको महिमाको ज्ञानको ज्योति दिनुभएको छ ।***

# पाठ ८

## ❖ प्रभु येशू असल गोठालो हुनुहुन्छ - यूहन्ना १०: १-३०

यो संसार धेरै प्रकारका खतराहरूले भरिएको छ । घरमा बस्दा पनि हामी कुनै खतरामा पर्न सक्छौं । हामी बिमार हुन्छौं । यात्रा गर्दा हामी दुर्घटनामा पर्न सक्छौं या त चोरडाँकूरूको हातमा पर्न सक्छौं । हामी कहीँ पनि सुरक्षित छैनौं । घरका झ्यालहरूमा ग्रील र ढोकामा ताल्चा लगाउँछौं; पैसा हामी बैंकमा राख्छौं । शहरको हरेक चोकमा प्रहरीहरूले दिनरात पहरा दिन्छन् । देशको रक्षा गर्न धेरै फौजहरू चाहिन्छ । जतातत्तै हेर्छौं, हामी खतराकै चिन्हहरू देख्छौं । शरीरका निम्ति यति धेरै खतराहरू हुन्छन् भने के हाम्रो आत्मा कुनै खतरामा पर्न सक्दैन र ? के हाम्रो आत्माको कुनै शत्रु छैन ? प्रभु येशूले हामीलाई भेड़ासित तुलना गर्नुहुन्छ । हाम्रा शत्रुहरू चोर, डाँकू वा ब्वाँसाहरू हुन्छन् । ती चोर्न, मार्न र नष्ट गर्न आउँछन् । हामीलाई रक्षा गर्ने गोठाला प्रभु आफै हुनुहुन्छ । उहाँ असल गोठाला हुनुहुन्छ, जसले आफ्ना भेड़ाहरूका निम्ति आफ्नो प्राण समेत दिनुहुन्छ र हामीलाई शत्रुको पन्जामा पर्नदेखि रक्षा गर्नुहुन्छ । के तपाईं पनि उहाँका भेड़ाहरूमध्येका एक हुनुहुन्छ ? यदि हुनुहुन्छ भने कसैले तपाईंलाई प्रभु येशूको हातबाट खोस्न पाउँदैन । यदि हुनुहुन्न भने ढोकाभित्र पस्नुहोस् र सुरक्षित हुनुहोस् । तब मात्र प्रभुको यो वचन तपाईंमा पनि पूरा हुनेछ - ***ढोका म नै हुँ; कोही मद्वारा भित्र पस्यो भने ऊ सुरक्षित हुनेछ ।***

### क) प्रभु येशू गोठभित्र पस्ने ढोका हुनुहुन्छ - यूहन्ना १०: १-९

इस्राएल देशमा धेरै भेड़ाहरू पाल्ने गर्छन् । उनीहरूको गोठ चारैतिर ढुङ्गाको पर्खालले घेरेको हुन्छ र छाना हुँदैन । गोठभित्र पस्नलाई एउटा मात्र बलियो ढोका हुन्छ, जसले गोठलाई पक्का गरी बन्द गर्छ । रात पर्दा गोठालाहरूले आफ्ना भेड़ाहरूलाई गोठभित्र थुन्छन् र भेड़ाहरू रातभरि त्यहीं रहन्छन् । ती भेड़ाहरूलाई रुँग्न वा रक्षा गर्ने पाले सधैं ढोकामा बस्छ । त्यो पालेले गोठाला आउँदा कसको लागि ढोका खोल्छ र गोठाला भित्र पस्छ र आफ्ना भेड़ाहरूलाई निकाल्छ । यही चित्रण लिएर प्रभु येशूले हामीलाई आत्मिक शिक्षा दिनुहुन्छ । यो शिक्षामा ध्यान दिएपछि हाम्रो अमूल्य आत्मा प्रभु येशूम कसरी सुरक्षित हुन्छ, सो जान्नेछौं ।

# प्रभु येशू ख्रीष्ट को हुनुहुन्छ ?

१) हामीले हाम्रो रक्षक अर्थात् गोठालालाई, साथै हाम्रा शत्रुहरू अर्थात् चोर र डाँकूलाई चिन्नुपर्छ। प्रभु येशू असल गोठाला हुनुहुन्छ। उहाँको पछि लाग्ने चेलाहरू उहाँका भेडा हुन्छन्। ढोका परमेश्वरको राज्यभित्र पस्ने एउटा बाटो हो।

**क) चोर र डाँकूलाई कसरी चिनिन्छ ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**ख) भेड़ाहरूको साँचो गोठाला कसरी गोठभित्र पस्छ ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

२) गोठालाले आफ्ना जम्मै भेड़ा चिन्छ। उसले हरेक भेड़ालाई नाम लिई लिई बोलाउँछ। भेड़ाहरू गोठालाको सोर राम्ररी चिन्छन्। यहाँबाट हामी गोठाला र भेड़ाको बीचको व्यक्तिगत नजिकको सम्बन्ध देख्छौं। के हामी यसरी नै प्रभु येशूलाई व्यक्तिगत रुपले चिनेका छौं र उहाँका अगुवाई पाइरहेका छौं ?

**क) गोठाला आउँदा ढोकेले के गर्छ ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**ख) गोठाला आफ्ना भेड़ाहरूसित के के गर्छ ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**अ)**
**आ)**
**इ)**

३) भेड़ाहरूले आफ्ना गोठालालाई उसको सारबाट चिन्छन् र उसैलाई मात्र पछ्याउँछन्। कुनै बिरानो मानिसलाई पछ्याउँदैनन्, तर भाग्छन्। परमेश्वरको राज्यको कुरा पनि यस्तै हुन्छ - प्रभु येशूको सोर चिन्ने र उहाँलाई पछ्याउनेहरू मात्र परमेश्वरको राज्यभित्र पस्नेछन्। तपाईंको अगुवा को होलान् ? तपाईं कसको पछि लाग्दै हुनुहुन्छ ? ठीक अगुवा पाउँदैनौं भने हामी दुष्टको शिकार बन्छौं र नष्ट हुन्छौं।

**क) भेड़ाहरूले गोठालालाई कसरी चिन्छन् ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**ख) तिनीहरू बिरानो मानिसलाई किन पछ्याउँदैनन् ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

४) प्रभु येशू भेड़ाहरूको ढोका हुनुहुन्छ। परमेश्वरको राज्यभित्र पस्ने एकमात्र बाटो उहाँ हुनुहुन्छ। उहाँभन्दा अघि आउने सबै चोर र डाँकू थिए भन्ने वचन हाम्रो हृदयभित्र पसोस्। प्रभु येशूमाथिको विश्वासद्वारा हामी परमेश्वरको राज्यभित्र प्रवेश गर्छौं र सुरक्षित हुन्छौं। के तपाईं ढोकाबाट भित्र पसिसक्नुभयो ? तब प्रभु येशू तपाईंको आत्माको गोठाला हुनुहुन्छ। उहाँको सोर सुनी उहाँलाई पछ्याउँदै रहनुहोस्।

**क) उहाँभन्दा अघि आएकाहरूको विषउमा प्रभुले के भन्नुभयो ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**ख) प्रभु येशू आफै को हुनुहुन्छ ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**ग) उहाँबाट भित्र पस्नेहरूलाई प्रभुले के के प्रतिज्ञा गर्नुभयो ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**अ)**
**आ)**
**इ)**

## ख) प्रभु येशू हेरचाह गर्ने गोठाला हुनुहुन्छ - यूहन्ना १०: १०-१८

# प्रभु येशू ख्रीष्ट को हुनुहुन्छ ?

गोठालाले दुईटा काम गर्छ । उसले भेड़ाहरूलाई ठीक बाटोमा अगुवाइ गर्दै उनीहरूको आहार र पानी हुने ठाउँतिर लान्छ । भेड़ा चराउँदा कहीँबाट कुनै ब्वाँसो आएर कुनै भेड़ा पक्रन्छ कि भनी ऊ चारैतिर हेरिबस्छ । भेड़ाहरूको रक्षा गर्नको निम्ति ऊ आफ्नो ज्यान दिन पनि तयार हुन्छ, र एउटा भेड़ा पनि हराउन दिँदैन । ज्यामी यस्तो हुँदैन, किनभने त्यसले भेड़ाको वास्ता गर्दैन । त्यसले आफ्नो फाइदा मात्र खोज्छ । यदि तपाईंको जीवन कुनै ज्यामी अर्थात् आफ्नो फाइदा मात्र खोज्ने मानिसको हातमा छ भने त्यसले तपाईंको वास्ता गर्दैन । केही खतरा आएदेखि त्यो भाग्छ र तपाईंको प्राण नष्ट हुन्छ । हामीले जीवन पाऔं, त्यो प्रशस्त मात्रामा पाऔं भन्ने उद्देश्य लिई उहाँ आउनुभयो । उहाँ तपाईंको प्राणको रक्षा गर्न असल गोठाला हुनुहुन्छ, किनभने हामी सबै शत्रुहरूको हातदेखि छुटाउन क्रूसमा उहाँले हाम्रो निम्ति प्राण दिनुभयो ।

१) प्रभु येशू र एउटा चोरमा हामी कति भिन्नता पाउँछौं । चोर खाली बिगार्न, हाम्रो ज्यान समेत लान आउँछ । तर प्रभु येशूले जीवन दिनुहुन्छ - अनन्त जीवन, आशिष्ले भरपूर जीवन दिनुहुन्छ ।

**क) चोर के गर्न आउँछ ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**ख) प्रभु येशू किन आउनुभयो ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

२) प्रभु येशू एउटा ज्यामीमा पनि धेरै भिन्नता छ । जब ब्वाँसो आउँछ, तब ज्यामीले भेड़ाहरूको वास्ता गर्दैन भन्ने कुरा स्पष्ट हुन्छ; किनकि त्यसले तिनीहरूलाई छोडेर भाग्छ । तर गोठालाचाँहि भेड़ाहरूका लागि आफ्नो प्राण दिन्छ । तपाईंको निम्ति आफ्नो प्राण दिने को हुनुहुन्छ ? कसले तपाईंलाई यति धेरै प्रेम र वास्ता गर्नुहुन्छ ?

**क) आफ्ना भेड़ाहरूका निम्ति असल गोठालाले के गर्छ ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**ख) ब्वाँसो आउँदा ज्यामीले के गर्छ ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**ग) त्यसले भेड़ाहरूलाई किन छोड्छ ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**घ) भेड़ाहरूको के हालत हुन्छ ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

३) असल गोठाला र भेड़ाहरूको बीचमा कस्तो सम्बन्ध हुन्छ, यो कुरा येशूले हमीलाई आफ्नो जीवनबाट सिकाउनुहुन्छ । उहाँले आफ्ना सबै भेड़ाहरूलाई चिन्नुहुन्छ र गहिरो प्रेम गर्नुहुन्छ । सुसमाचारको वचनद्वारा उहाँले सबै जातिहरूबाट हामीलाई बोलाउनुहुन्छ र उहाँको सोर सुन्नेहरूलाई एउटै बगाल बनाउनुहुन्छ, जसको गोठाला उहाँ आफै हुनुहुन्छ ।

**क) आफ्ना भेड़ाहरूको बारेमा कुन दुईटा कुरा सत्य हुन्छन् ?**

**अ)**

**आ)**

**ख) आफ्ना भेड़ाहरूको निम्ति प्रभु येशूले के गर्नुहुन्छ ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**ग) अरु भेड़ाहरूलाई उहाँले के गर्नुपर्छ ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**घ) उहाँको सोर सुन्नेहरू सबै के हुनेछन् ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

# प्रभु येशू ख्रीष्ट को हुनुहुन्छ ?

४) परमेश्वरको इच्छाअनुसार प्रभु येशूले आफ्नो प्राण अर्पण गर्नुभयो । प्रभुके कष्टपूर्ण मृत्युद्वारा परमेश्वरको मुक्तिको ठूलो योजना पूरा भयो । यस काम सिद्धयाएर प्रभुले अफ्नो प्राण फिर्ता लिनुभयो । शत्रुसित हारेर उहाँ त्यसको हातमा पर्नुभएको होइन, तर क्रूसमा आफ्नो प्राण दिएर उहाँ शत्रुमाथि विजयी बन्नुभयो र मरेको तेश्रो दिनमा फेरि जिइउठ्नुभयो ।

**क) परमेश्वरले किन प्रभु येशूलाई प्रेम गर्नुहुन्छ ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**ख) प्रभु येशूको प्राण अर्पण गर्ने अधिकार मात्र नभएर अर्को अधिकार के थियो ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

## ग) प्रभु येशू 'ख्रीष्ट' हुनुहुन्छ भन्ने विषयमा तर्क - यूहन्ना १०: १९-३०

प्रभुको यो शिक्षाले यहूदीहरूलाई निक्कै असर गरचो, किनभने तिनीहरूको बीचमा फेरि फाटो भयो । यो कुरा हामी सारा संसारमा पनि देख्छौं - जहाँ ख्रीष्टको प्रचार गरिन्छ, त्यहाँ मानिसरूमा यो प्रतिक्रिया हुन्छ नै । कतिले प्रभु येशूमाथि विश्वास गर्छन् भने कतिले विरोध गर्छन् । तपाईं के विचार गर्नुहुन्छ ?

१) **क) प्रभुको वचन सुन्नेहरूमा के भयो ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**ख) धेरैले के भने ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**अ)**

**आ)**

**इ)**

**ग) अरुले के भने ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

२) तर्क गर्ने यहूदीहरूले प्रभु येशूलाई घेरे । उहाँ 'ख्रीष्ट' अर्थात् परमेश्वरबाट खटाइएको पवित्र जन हुनुहुन्छ भन्ने कुरामा तिनीहरूले ठेस खाए र प्रभुका अचम्मका कामहरू देखेर पनि विश्वास गरेनन् ।

**क) यी विश्वास नगर्नेहरूले येशूलाई के कुरा सफासँग भन्न विन्ती गरे ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**ख) प्रभु येशू नै परमेश्वरको जन 'ख्रीष्ट' हुनुहुन्छ भन्ने प्रमाण कुन कुराले तिनीहरूलाई दियो ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**ग) तिनीहरू किन उहाँका भेड़ाहरू अर्थात् उहाँका चेलाहरूमध्येका थिएनन् ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

३) प्रभु येहूले अब आफ्ना भेड़ाहरू अर्थात् चेलाहरूको विषयमा हामीलाई अन्तिम शिक्षा दिनुहुन्छ । यसमा अति अमूल्य प्रतिज्ञाहरू हुन्छन् । यी सत्य कुराहरू हाम्रो हृदयमा बसेका हुन् ।

**क) उहाँका भेड़ाहरूको विषयमा कुन तीन कुरा सत्य हुन्छन् ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**अ)**

**आ)**

**इ)**

**ख) प्रभुले आफ्ना भेड़ाहरूलाई कुन तीन प्रतिज्ञा गर्नुहुन्छ ?** (पद २८)(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**अ)**

**आ)**

**इ)**

**ग) यी प्रतिज्ञाहरू स्थिर छन् । यसमा प्रभुले कुन तीन ठोस कारण दिनुहुन्छ ?** (पद २९-३०)

**अ)**

**आ)**

**इ)**

**घ) २७ र २८ पद कण्ठस्थ गरेर खाली ठाउँमा लेख्नुहोस् ।** (आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**प्रार्थना :**

*हे प्रभु येशू, म पनि तपाईंका भेड़ाहरूकध्ये एउटा हुन चाहन्छु । तपाईंमाथि विश्वस गरीकन म आउँछु किनभने मैले तपाईंको वचनको प्रेमी आवाज सुनें । मलाई सबै शत्रुहरूको हातबाट बचाएर तपाईंको अनन्त राज्यमा नपसुन्जेल मेरो प्राणको गोठाला हुनुहोस् । म सधैं तपाईंलाई पछ्याउँछु । आमेन् !*